# प्रशोधन कारखाना स्थापना ( अदुवा र वेसार ) अनुदान कार्यविधि, २०७२

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विभाग

कृषि व्यवसाय प्रवर्द्धन तथा वजार विकास निर्देशनालय

**कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम**

२०७२

# प्रशोधन कारखाना स्थापना ( अदुवा र वेसार ) अनुदान कार्यविधि, २०७२

## प्रस्तावना

मसला वालीमा अदुवा र वेसार प्रशोधन गराईंदा हाम्रो लगानी वढन जाने भएपनि प्रशोधन गरिएका कृषि वस्तुहरुको मुल्य अभिवृद्धि गर्ने भएका कारण यी उपजहरुबाट कृषकहरुलाई अपेक्षित लाभ प्रदान गरी उत्पादन बृद्धिमा अझ वढी हौसला प्रदान गर्नका लागि उत्पादित अदुवा र वेसारको सरसफाई र प्रशोधन गरी उचित समयमा विक्री वितरणको व्यवस्था मिलाउने प्रणालीको विकास गर्न विभिन्न स्थानमा अदुवा र वेसार धुलाई र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने आवश्यक हुन्छ । यस सिलसिलामा निर्यातयोग्य अदुवा र वेसारलाई धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापना गरी माग अनुरुप क्रमिक रुपमा आन्तरिक तथा वाह्य बजारमा पुऱ्याउन सकिएमा कृषकहरुको आय बढने, उत्पादन बृद्धिमा थप योगदान पुग्ने र कृषि वस्तुको निर्यात हुने हुनाले अदुवा र वेसारको धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माणका लागि अनुदान उपलब्ध गराउने र सो कार्यक्रम कार्यान्वयन गर्न निजी कम्पनी, सहकारी संस्थालाई समावेश गरी अनुदान उपलब्ध गराउने कार्यमा सरकारबाट अनुदान सहयोग उपलब्ध गराउने व्यवस्थालाई पारदर्शी तथा प्रभावकारी बनाउन बान्छनिय भएकाले नेपाल सरकारले अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७२" प्रस्ताव पेश गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

( क) यो कार्यविधिको नाम " प्रशोधन कारखाना स्थापना ( अदुवा र वेसार ) अनुदान कार्यविधि, २०७२ " हुनेछ ।

(ख) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. कार्यविधि लागु हुने ठाउँ :

यो कार्यविधि नेपाल भर लागु हुनेछ । उत्पादन तथा संकलन हुने क्षेत्रलाई प्राथमिकता दिईने छ ।

३. परिभाषा :

(क) "उद्यमी" भन्नाले यस कार्यविधि अनुरुप नेपाल सरकारबाट अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्माणका लागि पाउने अनुदान लिने उद्देश्यले आवेदन दिने निजी कम्पनी वा सहकारी संस्था सम्झनु पर्दछ ।

(ख) "प्रस्ताव" भन्नाले उद्यमीले अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान पाउन पेश गरेको आवेदनको विवरण सम्झनु पर्दछ ।

(ग) "अनुदान" भन्नाले यस कार्यविधि अनुरुप अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउन उपलब्ध गराईने नगद अनुदान रकम सम्झनु पर्दछ ।

(घ) "कार्यक्रम" भन्नाले कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम सम्झनु पर्दछ ।

(ङ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन तथा नियमावली बमोजिम संवन्धित कार्यालयमा दर्ता भएको सहकारी संस्था वा संघ सम्झनु पर्दछ ।



सचिव

(च) "निजी कम्पनी" भन्नाले निजी क्षेत्रका व्यवसायीबाट कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको कम्पनी भन्ने बुझ्नु पर्दछ । यस शब्दले घरेलु तथा साना उद्योग विभागमा दर्ता भएको उद्योग समेत जनाउँदछ ।

(ञ) "कृषि उपज" भन्नाले कृषि क्षेत्रवाट उत्पादित अदुवा र वेसार सम्झनु पर्दछ ।

(ट) "मूल्याङ्कन समिति" भन्नाले परिच्छेद २ को दफा ७ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ठ) "निर्देशक समिति" भन्नाले परिच्छेद २ को दफा ९ अनुसार गठित समिति सम्झनु पर्दछ ।

(ड) "निर्यातकर्ता" भन्नाले प्रचलित कानुन वमोजिम नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई कृषि उपज निर्यात गर्ने संघ, संस्था, कम्पनी एवं निजी फर्म सम्झनु पर्दछ ।

(ढ) "आयोजना अवधि" भन्नाले अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्ने कार्यको अवधिलाई सम्झनु पर्दछ ।

(ण) "परामर्शदाता" भन्नाले प्रचलित कानुन वमोजिम नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भई कृषि पूर्वाधार निर्माणमा परामर्श दिने व्यक्ति, संघ, संस्था, कम्पनी एवं निजी फर्म सम्झनु पर्दछ ।

(त) "धुलाई (washing) र प्रशोधन" भन्नाले उत्पादित अदुवा र वेसारको रुप परिवर्तन नगरी यी वस्तुहरुमा रहेको माटो हटाउन धुलाई गर्ने सुकाउने र प्याकेजिंग गर्ने सम्झनु पर्दछ ।

४. कार्यवधिको उद्देश्य:

(क) कृषकहरुले उत्पादन गरेका अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गरी प्रशोधन लागत कम गर्ने, निर्यात प्रवर्द्धन गर्ने र बढी आय प्राप्त गर्न सक्षम बनाउने ।

(ख) आन्तरिक तथा बैदेशिक बजारको लागि गुणस्तरयुक्त कृषि बस्तुको आपूर्ति व्यबस्थामा योगदान पुऱ्याउने ।

## परिच्छेद २
## अनुदानका लागि प्रस्ताव छनौट

५.सुचना प्रकाशन तथा प्रस्ताव पेश गर्ने :

(क) यस कार्यविधि अनुरुप संभाव्य र आवश्यक क्षेत्रहरुमा अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यमा सरकारका तर्फबाट सहयोग पुऱ्याउन अनुदान दिने उद्देश्यले प्रस्तावनका लागि कार्यक्रमले कम्तिमा ३० दिनको म्याद दिई राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आह्वान गर्न सूचना प्रकाशन गर्नेछ ।

(ख) उपदफा क बमोजिम सूचना प्रकाशन भए अनुरुप निजी कम्पनी, सहकारी संस्थाले दफा ६ बमोजिमका सबै प्रमाण संलग्न गरी प्रस्ताव पेश गर्न सक्नेछन् ।

(ग) कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धी कार्य निम्न उपयुक्त र सम्भाव्य जिल्लाहरूमा धुलाई (washing) र प्रशोधन कारखाना स्थापना गर्न सहयोग गरिने छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना अन्तर्गतका
    - जोन पर्ने जिल्लाहरु : सुनसरी, सल्यान, सुर्खेत।
- ब्लकमा पर्ने जिल्लाहरु : पाँचथर, तेह्रथुम, सँखुवासभा, भोजपुर, ओखलढुङ्गा, सोलुखुम्वु, खोटाङ्ग, उदयपुर, पाल्पा, प्युठान, र डोटी ।



सचिव

६. आवेदन दिन आवश्यक योग्यता र प्रस्तावमा उल्लेख गर्नु पर्ने वुंदाहरु ः

यस कार्यविधि अनुरुप अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्माण कार्यका लागि देहाय वमोजिमका सबै योग्यता पुगेका उद्यमीहरुले अनुसूची २ अनुसार आवेदन दिन सक्नेछन ।

(क) आवेदकको कम्पनी, कानुन बमोजिम दर्ता भई तथा स्थायी लेखा नम्बर लिएको वा सहकारी संस्था सहकारी डिभिजन कार्यालय । जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएको, दर्ता नविकरण भएको । नियमित रुपमा लेखा परिक्षण गराएको । सरकारी कर चुक्ता गरेको ।

(ख) अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्न जग्गाको व्यवस्था आफ्नै वा कम्तीमा १५ वर्ष भाडामा कम्तिमा १.५ हेक्टर जग्गा लिएको वा निर्मित भवनमा अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखानाको व्यवस्था गर्न सकिने अवस्था रहेको जस्तै विजुली, पानी, वाटो आदिको व्यवस्था भएको, जग्गा आवेदकले आफै व्यवस्था गर्नु पर्ने ।

(ग) अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्न कार्य योजना र कम्तिमा ५० प्रतिशत लागत अंश व्यहोर्न क्षमता भएको हुनुपर्ने छ । उक्त धुलाई (washing) र प्रशोधन कारखानाको क्षमता कम्तिमा १ मे ट प्रति घंटा हुनु पर्ने छ ।

(घ) औचित्यपुर्ण अदुवा वा वेसार उत्पादन हुने र संकलन हुने वा गर्ने योजना र सो को सम्भाव्यता सम्वन्धि विवरण ।

(ङ) उत्पादित वा प्रशोधित अदुवा वा वेसार स्वदेशमा र विदेशमा कसरी विक्री वितरण गर्ने वा हुने सो को खाका (Buy Back) र सो सम्वन्धि आधार ।

७. मूल्यांकन समितिको गठन व्यबस्था ः

अनुदानका लागि पेश हुन आएका प्रस्तावहरुको मूल्यांकन प्राविधिक टोलीवाट गराई अनुदान निर्देशन समिति समक्ष सिफारिश गर्न निम्न वमोजिमको मूल्यांकण समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम | अध्यक्ष |
| (ग) लेखा अधिकृत, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम, | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, कृषि व्यबसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय | सदस्य |
| (ङ) कानुन अधिकृत, कृषि विभाग | सदस्य |
| (च) अधिकृत प्रतिनिधि, कृषि मंत्रालय, योजना महाशाखा | सदस्य |
| (छ) शाखा अधिकृत, अर्थ मन्त्रालय, वजेट तथा कार्यक्रम महाशाखा | सदस्य |
| (ज) वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार वढीमा ३ जना विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

८. मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार

(क) प्राविधिक परामर्शदाताको प्रस्ताव मुल्यांकण गर्ने ।

(ख) छनौटका लागि प्राविधिक परामर्शदाताको प्रस्ताव निर्देशन समितिमा सिफारिश गर्ने ।

(ग) प्राविधिक तथा आर्थिक प्रस्ताव सहितको विस्तृत आयोजना डिजाईन (पूर्ण प्रस्तावना) प्राप्त गर्ने ।

(घ) प्राविधिक परामर्शदातावाट स्थलगत निरीक्षण गराउने ।

(ङ) प्राविधिक परामर्शदातावाट प्राप्त पूर्ण प्रस्तावनाहरुको मूल्यांकण गराउने ।

(च) मुल्यांकन बमोजिमको योग्यताक्रम अनुरुप स्वीकृत वजेटको परिधि भित्र कतिवटा ठाउँमा अनुदान

उपलब्ध गराउन सकिन्छ सो यकिन गरी स्वीकृतिका लागि निर्देशक समितिमा प्रस्तावकहरुको नामावली सिफारिस गर्ने ।

(छ) निर्देशन समितिवाट स्वीकृत प्रस्तावकहरुको नामावली प्रकाशन गर्नेछ ।

(ज) अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनाको क्रममा निरीक्षण र अनुगमन गरी गराई प्रतिवेदन पेश गर्ने ।

(झ) यस कार्यविधि अनुसार अनुदान उपलब्ध गराउन कार्यक्रम छनौट भएका प्रस्तावकहरुसंग सम्झौता गर्नेछ ।

(ञ) अनुदान रकमको हिसाब पेश नगर्ने वा सदुपयोग नगर्ने उद्यमीलाई कारबाहीका लागि सिफारिस अघि बढाउने ।

(ट) मूल्यांकन सम्बन्धी आबश्यक अन्य कार्य गर्ने गराउने ।

परामर्शदाता प्राविधिक टोलीका सदस्यहरुः

(क) सिभिल इन्जिनियर १ जना,

(ख) मेकानिकल इन्जिनियर १ जना,

(ग) वातावरण विज्ञ वा वाली विकास विज्ञ १ जना र

(घ) कृषि अर्थ विज्ञ १ जना

परामर्शदाता प्राविधिक टोलीको काम र कर्तव्य ः

(क) स्थलगत निरीक्षण गरी पूर्ण प्रस्तावनाको मूल्यांकण गर्ने ।

(ख) कारखाना स्थापनाको निरीक्षण र अनुगमन गरी प्रतिवेदन गर्ने ।

(ग) भूक्तानीका लागि पेश भएका कागजातहरु अगाडी वढाउने ।

९. निर्देशक समितिको व्यबस्था

यस कार्यविधि अनुरुप अनुदान सम्बन्धी नीति निर्णयको लागि देहाय बमोजिम निर्देशक समितिको व्यवस्था हुनेछ ।

| | |
|---|---|
| (क) महानिर्देशक, कृषि विभाग | अध्यक्ष |
| (ख कार्यक्रम निर्देशक, कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनाल | सदस्य |
| (ग) कार्यक्रम निर्देशक, कृषि इन्जिनियरिंग निर्देशनालय | सदस्य |
| (घ) कार्यक्रम निर्देशक, पोष्टहार्भेष्ट व्यवस्थापन निर्देशनालय | सदस्य |
| (ङ) उप सचिव, अर्थ मन्त्रालय, वजेट तथा कार्यक्रम महाशाखा | सदस्य |
| (च) प्रमुख, कृषि वस्तु निर्यात प्रबद्र्धन कार्यक्रम | सदस्य सचिव |

समितिले आवश्यकता अनुसार वढीमा ३ जना विषय विशेषज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद ३
## अनुदान रकम स्वीकृति

१०. दफा (९) बमोजिम गठित निर्देशक समितिले यस कार्यविधि बमोजिम अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्न अनुदान रकम स्वीकृती दिनेछ । अन्य जिल्लाहरुको हकमा अदुवा र वेसार वढि उत्पादन हुने जिल्लाहरु एवं उक्त स्थानवाट उपज संकलन हुने प्रमुख व्यापारीक केन्द्रहरु निर्देशन समितिवाट हुने निर्णय अनुसार हुनेछ ।



सचिव

## परिच्छेद ४
## अनुदान रकम, उपलब्ध गराउने र खर्च गर्ने विधि

११. अनुदान प्रवाह विधि

(१) यस कार्यको लागि एउटा कारखानालाई कुल लगानीको वढीमा ५० प्रतिशत वा १ करोड ९० लाख जुन घटी हुनेछ सो अनुदान रहने छ जस मध्ये पूर्व तयारी कार्यहरुका लागि लागत खर्चको वढीमा ५० प्रतिशत वा ९० लाख जुन घटी हुनेछ र कारखाना निर्माण, औजार उपकरण खरिद यातायात र जडानमा वढीमा ५० प्रतिशत वा १ करोड जुन घटी हुनेछ सो वरावरको रकम अनुदान हुनेछ ।यस प्रकार कारखाना स्थापना गर्न दुवै पक्षको ५०–५० प्रतिशत लगानी रहने छ । पूर्व तयारी कार्यहरुमा कारखाना भवन निर्माण, सेड निर्माण, फ्लोर निर्माण, डिप वोरिंग जडान, धर्मकांटा जस्ता कार्यहरु पर्नेछ ।

(२) कार्यक्रममा छुटयाइएको कुल रकम रु २ करोडवाट प्राविधिक परामर्शदाताको पारिश्रमिक ३.५ प्रतिशत अर्थात ७ लाख र अनुगमन तथा निरीक्षण र समितिहरुको वैठक भताको लागि १.५ प्रतिशत अर्थात ३ लाख रकम यसैवाट हुनेछ ।

(३) निर्माण तथा खरीद कार्य गरिसकेपछि सम्पन्न कार्यको बीलको आधारमा रकम भुक्तानी गरिने छ । वैंक ग्यारेण्टीको आधारमा पेश्की रकम प्रवाह गर्न सकिनेछ ।

(४) आयोजना पूर्ण प्रस्तावना माग, छनौट र अनुदान रकमको वितरण कारखाना स्थापनाको पूर्व तयारीको लागि १ वर्ष र कारखाना निर्माण र मेशिनरी उपकरण खरिद र जडानका लागि वढिमा १ वर्ष गरी जम्मा वढिमा २ वर्षको हुने छ ।

(५) उद्यमीले मेशिन उपकरण जडान गरेको इन्जिनियरिङ्ग प्रतिवेदनको प्राविधिक परामर्शदातावाट स्थलगत निरीक्षण गराई त्यहांवाट पेश गरिएको प्रतिवेदन अनुरुप रकम उपलब्ध गराइने छ ।

(६) कार्यक्रमले प्रत्येक किस्ता अनुदान रकम एकाउण्ट पेयी चेक मार्फत उपलब्ध गराउनेछ ।

(७) सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुरुप रकम उपलव्ध गराईने छ ।

(८) यस कार्यविधि अनुरुप उपलब्ध हुने अनुदान सम्बन्धी अभिलेख कार्यक्रमले राख्नेछ ।

१२. उद्यमीले पालना गर्नुपर्ने अन्य कुरा ::

(क) उद्यमीले यस कार्यविधि अनुसार निर्माण हुने कामको विवरण निर्माण स्थलमा टाँस्ने व्यवस्था गर्नुपर्ने छ ।

(ख) यस कार्य विधि अनुरुप अनुदान प्राप्त गर्ने उद्यमीले निर्माण कार्यमा इन्जिनियरबाट निरीक्षण एवं सम्पन्न कामको मेजरमेन्ट बुक राखी बील बनाउने व्यवस्था गर्नुपर्नेछ ।

(ग) सम्पन्न काम र खर्चको प्रतिवेदन चौमासिक रुपमा कार्यक्रममा पठाउनु पर्नेछ ।

(घ) अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माणको क्रममा कृषि विभाग र निर्देशनालयहरुबाट दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(ङ) नेपाल सरकारले चाहेमा जुनसुकै बखत उद्यमीको अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण सम्बन्धी हिसाव किताव हेर्न सक्नेछ । हिसाव देखाउनु सम्वन्धित उद्यमीको दायित्व हुनेछ ।

(च) आयोजना संचालन भएपछि कारखाना १० वर्ष संचालन हुनु पर्नेछ र सो अगावै कारखाना वन्द गरेमा वार्षिक १० प्रतिशतको घटदो दरमा सम्वन्धित संचालकवाट अनुदान रकम असुल गरिनेछ ।

सचिव

१३. अनुदानको रकम

निर्देशक समितिले कार्यक्रमको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधी भित्र निम्न बमोजिम अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माणका लागि अनुदान रकम स्वीकृत गर्नेछ ।

(क) यस कार्यको लागि एउटा कारखानालाई कुल लगानीको वढीमा ५० प्रतिशत वा १ करोड ९० लाख जुन घटी हुनेछ सो अनुदान रहने छ जस मध्ये पूर्व तयारी कार्यहरुका लागि लागत खर्चको वढीमा ५० प्रतिशत वा ९० लाख जुन घटी हुनेछ र कारखाना निर्माण, औजार उपकरण खरिद यातायात र जडानमा वढीमा ५० प्रतिशत वा १ करोड जुन घटी हुनेछ सो वरावरको रकम अनुदान हुनेछ ।

(ख) कार्यक्रममा छुटयाइएको कुल रकम रु २ करोडवाट प्राविधिक परामर्शदाताको पारिश्रमिक ३.५ प्रतिशत अर्थात ७ लाख र अनुगमन तथा निरीक्षण र समितिहरुको वैठक भताको लागि १.५ प्रतिशत अर्थात ३ लाख रकम यसैवाट हुनेछ ।

## परिच्छेद ५

## अनुगमन र विविध

१४. अनुगमन व्यवस्था ः

(क) यस कार्यविधि अनुसारको निर्माण कार्य तथा संचालनको अनुगमन कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रमले गर्नेछ ।

(ख) आवश्यकतानुसार कृषि विभाग लगायत कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय तथा क्षेत्रीय कृषि निर्देशनालयले समेत अनुगमन निरीक्षण गर्नेछ ।

(ग) कृषि विकास मन्त्रालयले यस कार्यविधि अनुरुप निर्मित तथा संचालित अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना स्थापनामा अनुदान उपलब्ध गराउने सम्बन्धीको अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

(घ) दफा १४ को खण्ड (क) वा (ख) वा (ग) वमोजिम भएको अनुगमन तथा निर्देशन लिखित अभिलेख/प्रतिवेदन कार्यक्रमले सुरक्षित राख्नु पर्नेछ ।

(ङ) यस उपदफा (क), (ख) र (ग) वमोजिम लिइएको निर्देशन पालना गर्नु उद्यमीको कर्तव्य हुनेछ ।

१५. सेवा शुल्क निर्धारण ः

अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गरी संचालन गर्दा उद्यमीले कार्यक्रमको प्रतिनिधि सहितको सेवा शुल्क निर्धारण समिति गठन गरी उक्त समितिबाट सेवा शुल्क दर निर्धारण भए बमोजिम मात्र सेवा शुल्क लिने व्यवस्था गर्नेछन् ।

१७. कारबाहीको व्यवस्था

(क) सम्झौता अनुरुप काम नगर्ने उद्यमीलाई मूल्यांकन समिति वा निर्देशक समितिले अनुदान रोक्का गर्न सक्नेछ ।

(ख) यस कार्यविधि बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको पाईएमा त्यस्ता उद्यमीलाई प्रचलित ऐन नियम बमोजिम कारबाही गरी असुल उपर गरिनेछ ।



सचिव

१८. बाधा अड्चन र निरुपण

(क) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आईपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण कृषि विकास मन्त्रालयले गर्नेछ ।

१९. खारेजी एवं संशोधन

(क) यस कार्यविधिमा कृषि विकास मन्त्रालयले आवश्यकता अनुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

सचिव

अनुसूचि १

अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माणको लागि अनुदान रकम उपलब्ध गराउने आयोजना प्रस्ताव मूल्यांकन फारम

१। आयोजनाको परिचय — १० अंक

- प्रस्तावना के कसरी र के कार्यका लागि पेश गर्नु भएको संक्षिप्त विवरण ।

२। आयोजनाको औचित्य । आधार — १० अंक

- संभाव्यता
- वजारको माग

३।आयोजनाको प्राविधिक कार्यान्वयन तरिका — ३० अंक

- कार्यान्वयन पध्दति
- कार्य तालिका र वजेट श्रोतहरु
- आवश्यक सर सामाग्रीहरुको उपलव्धता
- समयको प्रयाप्तता
- रचनात्मक तत्वहरु

४। आयोजनाको आर्थिक अवस्था र पक्ष — २० अंक

- व्यावसायिक सोच
- वजार विश्लेषण
- वितिय विश्लेषण

५।वातावरणिय अवस्था र पक्ष — १० अंक

- वातावरणमा पर्ने प्रभाव
- जोखिम मूल्यांकन
- निराकरणका उपायहरु

६।व्यवस्थापन — १० अंक

- कार्यान्वयनमा आउने जोखिम र त्यसको व्यवस्थापन
- सम्वन्धित निकाय विच समन्वय र सहकार्य

७।दिगोपनाको संभावना — १० अंक

- उपलव्धि र प्रतिफललाई दिगो राख्ने क्षमता
- नाफा गर्न सक्ने क्षमता
- दिर्घकालिन लक्ष्यको निर्धारण
- सकारात्मक नगद प्रवाह



सचिव

## अनुसूचि २

### अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण अनुदानका लागि आवेदन फारम

श्री कृषि वस्तु निर्यात प्रवर्द्धन कार्यक्रम,
हरिहरभवन, ललितपुर ।

हाम्रो कृषि सहकारी संस्था/कम्पनीबाट ............... गा.वि.स./न.पा.,................ जिल्ला अन्तर्गत ................स्थानमा अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु. ........................ मध्ये रु. ...................... हाम्रै संस्थाबाट व्यहोरी बाँकी रु. ................. अनुदान पाउने व्यवस्थाका लागि निवेदन गर्दछु/गर्दछौं ।

संलग्न कागजहरु

१. दर्ता तथा नवीकरण भएको र स्थायी लेखा नम्बर लिएको कागजको प्रमाणित प्रतिलिपि
२. जग्गाको लालपुर्जा वा लिजको प्रमाणित प्रतिलिपि
३. नियमित लेखापरिक्षण प्रतिवेदन र सरकारी कर चुक्ता प्रमाणको प्रतिलिपि
४. अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखानाको (मेशिनरी सहित) डिजाईन तथा लागत अनुमान .................
५. अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना निर्माण गर्न कार्य तालिका र बजेट श्रोतहरु .....................
६. संस्था/कम्पनीमा हाल रहेको नगद मौज्दातको प्रमाण ................
७. सडक, पानी र बिजुली रहे नरहेको विवरण ................
८. अदुवा र वेसार धुलाई (washing) र प्रशोधनका लागि कारखाना क्षमताको कति प्रतिशत संचय हुन सक्ने अध्ययन/अनुमान छ .................
९. सेवा पुऱ्याउने व्यवसायीक क्षेत्रहरु ..............
१०. संस्था/कम्पनीका साधारण सदस्य संख्या .................
११. निकट व्यवसायीक कृषकहरुको यस आयोजनामा कस्तो सहभागिता रहने हो विवरण .............

निवेदक
.....................................कृषि सहकारी संस्था
..................................... फर्म/कम्पनी
ठेगाना ...........................................................
संस्थाको छाप

सचिव